# सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७

प्रमाणीकरण मिति

२०७८।२।१०

प्रस्तावना : सुदूरपश्चिम प्रदेशभित्रको राष्ट्रिय वनलाई प्रदेश सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, चक्ला वन र निजी वनको रुपमा व्यवस्थापन गर्न तथा वन, वनस्पति, वन्यजन्तु, वातावरण, जलाधार एवं नदीजन्य पदार्थको संरक्षण एवं दिगो व्यवस्थापन र पर्यापर्यटनको प्रवर्द्धन गरी वन पैदावारको उत्पादन एवं उत्पादकत्व बढाउँदै वनजन्य श्रोतको न्यायोचित वितरण गर्न, वातावरणीय स्वच्छता कायम गर्न तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा सदुपयोग गरी प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, सम्वर्द्धन, सदुपयोग तथा व्यवस्थापन गर्न दफा ५१ बमोजिम गठन भएको उपभोक्ता समूह सम्झनु पर्छ ।

(ख) "कबुलियती वन" भन्नाले परिच्छेद-८ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय वन सम्झनु पर्छ ।

(ग) "खनिजजन्य वन पैदावार" भन्नाले वन, सार्वजनिक जग्गा र निजी जमिनको सतह वा सतहमुनि रहेको वा पाइएको पेट्रोलियम र ग्याँस पदार्थबाहेक चट्टान, माटो, ढुङ्गा, कोइला, गिट्टी, बालुवा वा कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक समिश्रणयुक्त पदार्थ सम्झनु पर्छ ।

(घ) "गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वन बाहिर रहेका, रुखहरुबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुटी तथा वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहार लगायत अन्य सबै जैविक वा भौतिक उत्पत्तिका सामान वा वस्तु सम्झनु पर्छ ।

(ङ) "चक्ला वन" भन्नाले दफा २२ बमोजिम व्यवस्थापन गरिने कम्तीमा ५०० हेक्टर क्षेत्रफल भएको सरकारद्वारा व्यवस्थित वनको कुनै भाग सम्झनु पर्छ ।

(च) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वंशाणु स्रोतको संरक्षण, अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुहरु परस्थानमा प्रदर्शनमा राखी व्यवस्थापन गरिएको स्थान सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मान्यता अनुसार स्थापना गरिने प्राणी उद्यान (जुलोजिकल गार्डेन) समेतलाई जनाउँछ।

(छ) "चौपाया" भन्नाले जुनसुकै जातको पाल्तु चारखुट्टे जनावर सम्झनु पर्छ ।

(ज) "जलाधार" भन्नाले कुनै मुहानबाट बहाव हुने पानीको सम्पूर्ण स्रोत समेट्ने क्षेत्र भन्ने बुझिन्छ।

(झ) "जैविकमार्ग" भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानसम्म आवतजावत गर्ने बाटो सम्झनु पर्छ।

(ञ) "टाँचा" भन्नाले काठ वा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनु पर्छ ।

(ट) "डिभिजन वन कार्यालय" भन्नाले मन्त्रालय मातहतको डिभिजन वन कार्यालयलाई सम्झनु पर्छ ।

(ठ) "डिभिजनल वन अधिकृत" भन्नाले डिभिजन वन कार्यालयको प्रमुखलाई सम्झनु पर्छ ।

(ड) "तोकिएको" वा" तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरुमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

(ढ) "धार्मिक वन" भन्नाले दफा ४६ बमोजिम परापूर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिकस्थलको र त्यस वरिपरीको वनको विकास, संरक्षण र उपयोगको लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनको निश्चित भू-भाग सम्झनु पर्छ।

(ण) "नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा रहेको वा थुपारेको वा थिग्रिएको ढुङ्गा, चट्टान, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, गेग्रान, माटो वा यस्तै अन्य वस्तुलाई सम्झनु पर्छ ।

(त) "निगम वा संस्थान" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्वमा सञ्चालित वन पैदावार उत्पादन, सङ्कलन तथा प्रशोधन एवं बिक्री गर्ने कुनै संस्था, उद्योग र नेपाल वन निगम लिमिटेड समेतलाई सम्झनु पर्छ ।

(थ) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हकभोग पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको दफा ५५ बमोजिमको वन सम्झनु पर्छ ।

(द) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको वन निर्देशनालयलाई सम्झनु पर्छ ।

(ध) “परम्परागत उपभोक्ताहरु” भन्नाले कुनै वनबाट प्राप्त हुने वन पैदावारहरु जस्तै- काठ, दाउरा, डालेघाँस, स्याउला, सोत्तर, पत्कर, जडिबुटी तथा गैरकाष्ठ वन पैदावारहरु परापूर्वकालबाट उपयोग गरी आएका वा हाल आएर वनको संकुचन भई वन क्षेत्रबाट टाढा पर्न गएका वन क्षेत्र रहेको गाउँपालिका वा नगरपालिकामा वसोबास गरी आएका वा फरक पालिकामा वसोबास गरे तापनि भौगोलिक सामिप्यताको कारणले उक्त वनमा पुर्खाबाट वन पैदावारको लागि निर्भर रहेका वा हाल बसाँईसराई गरी सोही वनको पैदावार उपयोग गर्नु पर्ने अवस्थामा रहेका घरधुरीहरु सम्झनु पर्छ ।

(न) “प्रदेश वन निर्देशक” भन्नाले मन्त्रालय मातहतको वन निर्देशनालयको प्रमुखलाई सम्झनु पर्छ ।

(प) “प्रदेश” भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(फ) “पर्यापर्यटन” भन्नाले प्राकृतिक क्षेत्रमा गरिने जिम्मेवार यात्राको रूपमा बुझिन्छ जसले वातावरण संरक्षण, स्थानीय जनताको हित र यस्तो यात्राले शिक्षामूलक एवं व्याख्यात्मक ज्ञान समेत प्रदान गर्दछ ।

(ब) “बोझबाहक” भन्नाले गाडा, ट्रक, बस, लहरी, मोटर, ट्रयाक्टर, अटो, नाउ, डुङ्गा, साईकल, रिक्सा, मोटरसाईकल तथा वन पैदावार लादी ल्याउने यस्तै अन्य साधन वा जनावर समेत सम्झनु पर्छ ।

(भ) “भू तथा जलाधार व्यवस्थापन कार्यालय” भन्नाले मन्त्रालय मातहतको भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई सम्झनु पर्छ ।

(म) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(य) “राष्ट्रिय वन” भन्नाले नेपालको संविधानको अनुसूची-६ को क्र.सं. १९ बमोजिम प्रदेशभित्रको राष्ट्रिय वनलाई सम्झनु पर्छ र सो शब्दले निजी वन बाहेक प्रदेशभित्रको वन सीमाना लगाइएको वा नलगाइएको सबै वन तथा वनले घेरिएको वा वनको छेउछाउमा रहेको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र वा वनसँग जोडिएको बाटो, पोखरी, ताल वा खोलानाला र बगरका दुवै किनारा समेतलाई जनाउँछ ।

(र) “वन उद्यम” भन्नाले काष्ठ तथा गैरकाष्ठ वन पैदावारमा आधारित उद्योगलाई सम्झनु पर्छ ।

(ल) “वन व्यवस्थापन पद्धति” भन्नाले राष्ट्रिय वनको व्यवस्थापनका लागि दफा २२ बमोजिम चक्ला वन, दफा २३ बमोजिम साझेदारी वन, दफा २६ बमोजिम वन संरक्षण क्षेत्र, दफा ३० बमोजिम सामुदायिक वन, दफा ४० बमोजिम कबुलियती वन, तथा दफा ४६ बमोजिम व्यवस्थापन गरिने धार्मिक वनलाई सम्झनु पर्छ ।

(व) “वन संरक्षण क्षेत्र” भन्नाले विशेष जैविक, वातावरणीय, वैज्ञानिक वा साँस्कृतिक महत्वको ठानी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी दफा २६ बमोजिम घोषणा गरेको वा यसभन्दा अघि नेपाल सरकारबाट घोषणा भएका संरक्षित वन समेतलाई सम्झनु पर्छ ।

(श) “वन सम्वर्द्धन प्रणाली” भन्नाले कुनै पनि वनको सम्पूर्ण जीवन अवधिभर खास किसिमको उद्देश्य प्राप्तिका निमित्त विशिष्ट प्रकारको वन स्वरुप, बनोट एवं संरचना तयार गर्ने ध्येयले पुनरुत्पादन, गोडमेल, सरसफाई, सुधार कटानी, छटनी जस्ता वन सम्वर्द्धन कृयाकलापहरुको योजनाबद्ध प्रकृया भन्ने बुझिन्छ ।

(ष) “वन क्षेत्र” भन्नाले निजी स्वामित्वको हकभोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सीमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको वा वनसँग जोडिएको घाँसेमैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेत सम्झनु पर्छ ।

(स) “वन पैदावार” भन्नाले वनमा रहेको वा पाईएको वा वनबाट ल्याईएको देहायको पैदावार सम्झनु पर्छः-

(१) काष्ठ पैदावार,

(२) गैरकाष्ठ वन पैदावार,

(३) चट्टान, माटो, पानी, नदीजन्य वा खनिजजन्य पदार्थ वा

(४) वन्यजन्तु वा पशुपंन्क्षी वा आखेटोपहार ।

(ह) “वन सम्बन्धी पट्टा” भन्नाले दफा ४२ बमोजिम प्रदान गरिएको पट्टा सम्झनु पर्छ ।

(क्ष) “वन सीमाना चिन्ह” भन्नाले राष्ट्रिय वनको सीमाना छुट्याउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्बा वा चिन्हपट सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सीमाना चिन्ह समेतलाई जनाउँछ ।

(त्र) “वातावरणीय सेवा” भन्नाले वन क्षेत्रको परिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको वस्तु वा सेवा र सोबाट प्राप्त हुने लाभ सम्झनु पर्छः-

(१) कार्वन सञ्चित,

(२) जैविक विविधताको संरक्षण,

(३) जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य वस्तु, सेवा तथा लाभ ।

(ज्ञ) "शहरी वन" भन्नाले शहरी र शहरोन्मुख क्षेत्रभित्र रहेका प्राकृतिक वा मानवीय प्रयासबाट लगाई हुर्काईएका सामाजिक, मनोरञ्जनात्मक, वातावरणीय सेवा दिन सक्ने र उपयोगको महत्व राख्ने रुख, बिरुवा, झाडी, हरितपेटी, वन पार्क, उद्यान तथा सहर भित्रका निजी जग्गा वा घर कम्पाउण्डमा रहेका रुख बिरुवा र सँगै जोडिएको खुल्ला स्थल समेतलाई जनाउँछ ।

(क१) "संघीय वन ऐन" भन्नाले संघीय वन ऐन, २०७६ लाई सम्झनु पर्छ ।

(ख१) "संरक्षित जलाधार क्षेत्र" भन्नाले दफा ६७ बमोजिम प्रदेश सरकारले चारकिल्ला तोकी घोषणा गरेको संरक्षित जलाधार क्षेत्र सम्झनु पर्छ ।

(ग१) "सवडिभिजन वन कार्यालय" भन्नाले डिभिजन वन कार्यालय मातहतको वन कार्यालय सम्झनु पर्छ ।

(घ१) "साझेदारी वन" भन्नाले दफा २३ बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह र उपभोक्ताको साझेदारीमा व्यवस्थापन गरिने राष्ट्रिय वनको कुनै भाग सम्झनु पर्छ ।

(ङ१) "सामुदायिक वन" भन्नाले सामुहिक हितका लागि वन सम्वर्द्धन प्रणाली अवलम्बन गरी वनको विकास, संरक्षण र उपयोग गर्न दफा ३० बमोजिम सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वन सम्झनु पर्छ ।

(च१) "सार्वजनिक जग्गा" भन्नाले सार्वजनिक प्रयोजनको लागि खुला रहेका परापूर्व कालदेखिका घर, जग्गा, ढल वा बाटो, कुवा, पँधेरो, पानीघाट, इनार, पोखरी तथा सोको डील, गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, चिहान, मसानघाट, समाधिस्थल, कब्रस्थान रहेको जग्गा, पाटी, पौवा, देवल, धाम, उपासनास्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जीद, इदगाह, कब्रस्थान, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा, हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउँ रहेको जग्गा, सार्वजनिक प्रयोजनको लागि कसैले प्रदान गरेको निजी जग्गा वा नेपाल सरकार वा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकी दिएको अन्य जग्गा सम्झनु पर्छ ।

(छ१) "सिमसार" भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदीबाट प्रभावित जमिन (रिभराइन फ्लडप्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (वाटर स्टोरेज एरिया) समेतलाई जनाउँछ ।

(ज१) "स्थानीय तह" भन्नाले गाँउपालिका वा नगरपालिकालाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## राष्ट्रिय वनको भू-उपयोग तथा सीमा निर्धारण सम्बन्धी व्यवस्था

३. राष्ट्रिय वनको भू-उपयोग : (१) सामान्यतया राष्ट्रिय वनको भू-उपयोग परिवर्तन गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भए तापनि प्रदेश तथा स्थानीय तहमा विकासका आयोजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने प्रयोजनका लागि विकल्पहरु विश्लेषण गर्दा राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्नुपर्ने देखिएमा प्रदेश सरकारले नेपाल सरकार समक्ष अनुरोध गरी स्वीकृति प्राप्त भएमा राष्ट्रिय वनको कुनै क्षेत्रको भू-उपयोग गर्न सक्नेछ ।

(३) राष्ट्रिय वन क्षेत्रको भू-उपयोग सम्बन्धी व्यवस्था संघीय वन ऐन बमोजिम हुनेछ ।

४. राष्ट्रिय वनको सीमाना लगाउन सकिने : प्रदेश सरकारको सहमतिमा डिभिजनल वन अधिकृतले यस परिच्छेदको अधीनमा रही प्रदेशभित्रको आफ्नो क्षेत्राधिकारमा पर्ने राष्ट्रिय वनको सीमा निर्धारण गर्न सक्नेछ ।

५. जग्गा प्राप्त गर्न सक्ने : (१) दफा ४ बमोजिम राष्ट्रिय वनको सीमाना छुट्याउँदा सो वन वा सोको सीमानाको संरक्षणका निम्ति डिभिजनल वन अधिकृतले सो वनभित्रको वा सो वनको सीमानासँग जोडिएको सार्वजनिक वा कुनै व्यक्ति वा संस्थाको निजी जग्गा र सो जग्गामा बनेको घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना समेत वनको सीमानाभित्र पारी छुट्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनको सीमाना छुट्याउँदा डिभिजनल वन अधिकृतले त्यस्तो जग्गा प्राप्त गर्ने कुराको सार्वजनिक सूचना सम्बन्धित व्यक्ति वा संस्थाको घर दैलोमा, सम्बन्धित गाउँपालिका वा नगरपालिकाको कार्यालयमा र सो जग्गा भएको स्थानमा सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनामा देहायका विवरणहरु समेत खुलाउनु पर्नेछः-

(क) प्राप्त गरिने जग्गा वा घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचनाले ओगटेको क्षेत्रफल र चारकिल्ला तथा जग्गाको किसिम,

(ख) त्यस्तो जग्गामा हकदैया भएको वा भोगचलन गरिरहेका सरोकारवाला व्यक्ति वा संस्थाले उक्त सूचना टाँस भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र डिभिजनल वन अधिकृत समक्ष आफ्ना हकभोगका प्रमाणसहित क्षतिपूर्तिको मागदाबी गरी दरखास्त दिन आउनुपर्ने र सो म्यादभित्र दरखास्त दिन नआएमा पछि कुनै उजुर लाग्ने छैन भन्ने ब्यहोरा ।

६. घर जग्गा प्राप्त गर्ने कुरामा उजुर गर्ने : (१) दफा ५ को उपदफा (२) बमोजिम जग्गा, घर, छाप्रो, टहरा तथा अन्य भौतिक संरचना प्राप्त गरिने कुराको सूचना प्रकाशन र टाँस भएकोमा सो सूचनामा चित्त नबुझ्ने

सरोकारवाला व्यक्ति वा संस्थाले सो सूचना प्रकाशन र टाँस भएको मितिले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र निर्देशनालयमा उजुर दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरीमा आवश्यक जाँचबुझ गरी निर्देशनालयले निर्णय गर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्देशनालयले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

७. <u>मुआब्जा वा क्षतिपूर्ति रकम निर्धारण र वितरण</u> : (१) यस परिच्छेद अन्तर्गत प्राप्त गरिने घर, छाप्रो र जग्गाको मुआब्जा वा क्षतिपूर्ति रकमको निर्धारण जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम मुआब्जा वा क्षतिपूर्तिको रकम निर्धारण भएपछि डिभिजनल वन अधिकृतले त्यस्तो रकम लिन आउनु भनी सरोकारवालालाई सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको मुआब्जा वा क्षतिपूर्तिको रकम डिभिजनल वन अधिकृतले सरोकारवालालाई सरकारी कोषबाट दिनु पर्नेछ ।

(४) वन सीमानाभित्र परेको जग्गा र सो जग्गामा रहेको घर, छाप्रो टहरो र अन्य भौतिक संरचना समेतको प्राप्ति सम्बन्धी अन्य व्यवस्था जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

८. <u>कब्जामा लिने</u> : दफा ७ को उपदफा (२) बमोजिम क्षतिपूर्तिको रकम निर्धारण भएको सूचना दिएपछि उक्त जग्गा र सो जग्गामा रहेको घर, छाप्रो टहरो र अन्य भौतिक संरचना डिभिजनल वन अधिकृतले कब्जामा लिन सक्नेछ र सो मितिदेखि उक्त घर जग्गा नेपाल सरकारको स्वामित्वमा हुनेछ ।

९. <u>राष्ट्रिय वनको सीमानाभित्र निजी जग्गा र सो जग्गामा रहेको घर, छाप्रो टहरो र अन्य भौतिक संरचना पार्न र प्राप्त गर्नमा प्रतिबन्ध</u> : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजी जग्गा र सो जग्गामा रहेको घर, छाप्रो टहरो र अन्य भौतिक संरचना राष्ट्रिय वनको सीमानाभित्र पार्दा वा त्यस्तो जग्गा र सो जग्गामा रहेको घर, छाप्रो टहरो र अन्य भौतिक संरचना प्राप्त गर्दा देहायमा लेखिएको कुराहरुका अधीनमा रही गर्नु पर्नेछ :-

(क) राष्ट्रिय वन बाहिर रीतपूर्वक दर्ता, आवाद भैसकेको निजी जग्गा र त्यस्ता जग्गामा घर बनेको भए सो समेत राष्ट्रिय वन वा त्यसको सीमानाको संरक्षणका लागि प्राप्त गर्न अत्यावश्यक भएमा बाहेक प्राप्त गरिने छैन,

(ख) राष्ट्रिय वनको सीमा निर्धारण गर्दा प्रदेश सरकारको सिफारिसमा निर्धारण गरिनेछ।

१०. <u>अदालत सरहको अधिकार हुने</u> : यस परिच्छेद बमोजिम आफू समक्ष पेश हुन आएको कुनै कुराको निर्णय गर्नका लागि सरोकारवाला व्यक्तिहरु र निजहरुको साक्षीहरुलाई झिकाउने, बुझ्ने, बयान गराउने, म्याद,

तारेख दिने र निजहरुबाट लिखत गराउने समेत डिभिजनल वन अधिकृत र जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानूनमा तोकिएको समितिलाई कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ ।

११. निजी जग्गाको लगत कट्टा गर्ने : (१) कुनै व्यक्तिको निजी जग्गा प्राप्त गरी राष्ट्रिय वनभित्र पारी छुट्याइएपछि त्यसरी प्राप्त गरिएको निजी जग्गाको कित्ता नम्बर, क्षेत्रफल, साँध, किल्ला, मौजा आदि सबै विवरण खोली डिभिजनल वन अधिकृतले सम्बन्धित मालपोत कार्यालय र स्थानीय तहमा लगत कट्टाको लागि लेखी पठाउनु पर्नेछ र सो बमोजिम मालपोत कार्यालयले जग्गाको लगत र स्थानीय तहले करको लगत कट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लगत कट्टा भएको जग्गाको विवरण डिभिजन वन कार्यालयले निर्देशनालय, मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लगत कट्टा हुने जग्गाको धनीले सो जग्गा राष्ट्रिय वनभित्र पारी छुट्याएको मितिदेखि सो जग्गाको मालपोत वा अरु कुनै किसिमको कर बुझाउनु पर्ने छैन ।

१२. बल प्रयोग गर्न सक्ने : डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम वनको सीमा निर्धारण गर्दा कसैले बाधा अवरोध गरेमा आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ ।

१३. वस्ती स्थानान्तरण गर्न सक्ने : (१) राष्ट्रिय वनको संरक्षणका लागि कुनै वस्ती वा गाउँ नै स्थानान्तरण गर्न आवश्यक ठानेमा प्रदेश सरकारले यस परिच्छेद बमोजिमको प्रकृया अपनाई त्यस्तो बस्ती वा गाउँ स्थानान्तरण गर्न सक्नेछ ।

तर रुख भएको कुनै पनि वन क्षेत्र बसोबास वा पुर्नवासको लागि प्रयोग गरिने छैन ।

(२) उपदफा (१) बमोजिम स्थानान्तरण हुने वस्ती अन्यत्र वन क्षेत्रमा नै राख्नुपर्ने भएमा प्रदेश सरकारले स्थानान्तरण हुने समुदाय र नेपाल सरकारको सहमतिमा आवश्यक निर्णय गर्न सक्नेछ ।

१४. वन क्षेत्रको जग्गा दर्ता गर्न नहुने : (१) राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा लेखिएको जग्गा दर्ता गरे गराएको भएमा त्यसरी दर्ता भएको आधारमा त्यस्तो जग्गा दाबी गर्न पाइने छैन र त्यस्तो दर्ता स्वतः बदर हुनेछ ।

(३) यो ऐन प्रारम्भ हुनुभन्दा अघि कसैले राष्ट्रिय वनको कुनै भाग नेपाल सरकारको स्वीकृति बेगर गैरकानूनी रुपले दर्ता गराएको रहेछ भने त्यस्तो दर्ता पनि यो ऐन प्रारम्भ भएपछि स्वतः बदर हुनेछ र त्यस्ता दर्ताको लगत कट्टा गरिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम दर्ता बदर भएको जग्गाको लगत कट्टा गर्न डिभिजनल वन अधिकृतले सम्बन्धित मालपोत कार्यालयलाई र करको लगतकट्टा गर्न स्थानीय तहलाई तत्काल लेखी

पठाउनु पर्नेछ । लगतकट्टा गर्न लेखी आएको सात दिनभित्र मालपोत कार्यालय र स्थानीय तहले लगतकट्टा गरी सोको जानकारी डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ । डिभिजन वन कार्यालयले लगतकट्टा भएको विवरण निर्देशनालय र मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

१५. राष्ट्रिय वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने : यस ऐन बमोजिम पट्टा, पुर्जी वा प्रमाणपत्र प्राप्त गरी वा अरु कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।

१६. राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेध : (१) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भागमा निश्चित समयका लागि सार्वजनिक सूचना प्रकाशन गरी प्रवेश निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवेश निषेध गर्दा मानिस बसोबास गरेको वस्ती क्षेत्रमा परापूर्वकाल देखि प्रयोग हुँदै आएको बाटो आवतजावतको लागि तोकिदिन सक्नेछ ।

१७. राष्ट्रिय वनको भू-उपयोग योजना लागू गर्न सक्ने : नेपाल सरकारको स्वीकृतिमा प्रदेश सरकारले वनको संरक्षण, व्यवस्थापन एवं वातावरण तथा विकास बीचको सन्तुलन मार्फत दिगो विकासका लक्ष्य प्राप्तिका लागि कुनै खास वन क्षेत्रमा तोकिए बमोजिम भू-उपयोग योजना लागू गर्न वा गराउन सक्नेछ ।

१८. राष्ट्रिय वनको व्यवस्थापन : (१) प्रदेशभित्रको राष्ट्रिय वनको व्यवस्थापन यस ऐन बमोजिम हुनेछ ।

(२) डिभिजनल वन अधिकृतले राष्ट्रिय वन क्षेत्रको व्यवस्थापन गर्दा उपयुक्त वन सम्वर्द्धन प्रणाली अपनाई स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको अधीनमा रही सरकारद्वारा व्यवस्थित वन, चक्ला वन, साझेदारी वन, वन संरक्षण क्षेत्र, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन वा यस्तै अन्य वन व्यवस्थापन पद्धति अवलम्बन गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारले आवश्यक ठानेमा एउटा वन व्यवस्थापन पद्धति मार्फत व्यवस्थित राष्ट्रिय वनको केही भाग वा पूरै भागलाई कुनै अर्को वन व्यवस्थापन पद्धति अपनाई व्यवस्थापन गर्न सक्नेछ ।

(४) राष्ट्रिय वनको व्यवस्थापन गर्दा वन्यजन्तुको संरक्षणका लागि उपयुक्त क्रियाकलापहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा समावेश गरी सञ्चालन गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको वन व्यवस्थापन पद्धति अवलम्बन गर्दा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम वन व्यवस्थापन कार्ययोजना तयार गरी स्वीकृत गरी गराई कार्यान्वयन गर्न गराउनु पर्नेछ ।

१९. वन क्षेत्रभित्र संरचना निर्माण गर्न नहुने : पर्यापर्यटन कार्यका लागि स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक कुनै प्रकारको सडक, खेलमैदान, हाटबजार, टावर, मस्जित, चर्च, गुम्बा, मठमन्दिर वा यस्तै अन्य संरचनाहरु निर्माण गर्न पाइने छैन ।

२०. सिमसार क्षेत्रको व्यवस्थापन : राष्ट्रिय वन क्षेत्रभित्रको सिमसार क्षेत्रको संरक्षण संवर्द्धन, प्रवर्द्धन र व्यवस्थापन प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-३
## प्रदेश सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

२१. प्रदेश सरकारद्धारा व्यवस्थित वनको व्यवस्थापन : (१) नेपाल सरकारले स्वीकृत गरेको रणनीतिक योजनाको अधीनमा रही मन्त्रालयले प्रदेश सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई व्यवस्थापन गर्न त्यस्तो वनको सिमाङ्कन गरी वन व्यवस्थापन कार्ययोजना स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वन व्यवस्थापन कार्ययोजना तर्जुमा गरी डिभिजनल वन अधिकृतले स्वीकृतिको लागि वन निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त कार्ययोजना स्वीकृतिको लागि वन निर्देशनालयले रायसहित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त कार्ययोजनामा आवश्यक परिमार्जन गर्नु पर्ने भए सो समेत गरी वा गर्न लगाई मन्त्रालयले स्वीकृत गर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन संरक्षण क्षेत्र, सामुदायिक वन, साझेदारी वन, चक्ला वन, धार्मिक वन, कबुलियती वन बाहेकका प्रदेशभित्रका अन्य राष्ट्रिय वन, प्रदेश सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्नु पर्नेछ ।

## परिच्छेद-४
## चक्ला वन सम्बन्धी व्यवस्था

२२. चक्ला वन : (१) वनको उत्पादकत्व वृद्धि गर्ने प्रयोजनका लागि मन्त्रालयले प्रदेश सरकारद्वारा व्यवस्थित वनको कुनै भागलाई चारकिल्ला तोकी चक्ला वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन गरिने चक्ला वन मन्त्रालयले तोकिए बमोजिम प्रतिस्पर्धाको आधारमा तोकिएको अवधिका लागि निजी तथा सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सङ्गठित संस्थाहरुसँगको साझेदारीमा समेत व्यवस्थापन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम चक्ला वनको व्यवस्थापनका लागि डिभिजन वन कार्यालयले कार्ययोजना तयार गरी निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ । पेश हुन आएको कार्ययोजनामा मन्त्रालयले आवश्यकता अनुसार परिमार्जन गरी स्वीकृत गर्नेछ । त्यस्तो कार्ययोजना डिभिजन वन अधिकृतले कार्यान्वयन गर्नेछ ।

(४) उपदफा (२) बमोजिम साझेदारीमा व्यवस्थापन गरिने चक्ला वनको लागत तथा वन पैदावारको बाँटफाँट तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम व्यवस्थापन गरिने चक्ला वनको व्यवस्थापन कार्यमा कार्ययोजना विपरीत कार्य गरी वन क्षेत्रको हानी नोक्सानी गरेमा, वन तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने क्रियाकलाप भएको पाइएमा मन्त्रालयको स्वीकृति लिई डिभिजनल वन अधिकृतले साझेदारलाई हटाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम साझेदारलाई हटाउनु पूर्व सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम हानी नोक्सानी भएको पाइएमा हटाइएका साझेदारलाई राष्ट्रिय वनमा कसूर गरे सरह कारबाही हुनेछ ।

(८) उपदफा (५) बमोजिम साझेदारबाट हटाउँदैमा उपदफा (७) बमोजिम राष्ट्रिय वनको कसूरमा कारवाही गर्न बाधा परेको मानिने छैन ।

(९) उपदफा (२) बमोजिम साझेदारीमा व्यवस्थापन गरिने चक्ला वन त्यस्तो अवधि समाप्त भएपछि स्वतः प्रदेश सरकारको स्वामित्वमा आउनेछ ।

## परिच्छेद -५

## साझेदारी वन सम्बन्धी व्यवस्था

२३. साझेदारी वन : (१) प्रदेशभित्रको राष्ट्रिय वनको कुनै भागलाई देहायका उद्देश्यहरु प्राप्तिका लागि डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा तोकिए बमोजिम साझेदारी वनको रुपमा व्यवस्थापन गर्न सकिनेछ ।

(क) वनको विकास र वन सम्वर्द्धन प्रणालीमा आधारीत दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुऱ्याउन,

(ख) वन क्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावार आपूर्तिको व्यवस्था गर्न,

(ग) वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न,

(घ) जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न,

(ङ) स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउन ।

(२) साझेदारी वनको व्यवस्थापनका लागि स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा डिभिजनल वन अधिकृतले कार्ययोजना तयार गरी निर्देशनालय समक्ष पेश गर्नेछ र प्रदेश वन निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको कार्ययोजना लागू गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र साझेदारी वन उपभोक्ता समूहको हुनेछ ।

(४) उपदफा (१) बमोजिमका साझेदारहरुले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरु पालन नगरेमा मन्त्रालयले त्यस्तो साझेदारी वनको व्यवस्थापन पद्धति अन्त्य गर्न सक्नेछ र सो वन स्वतः प्रदेश सरकारद्धारा व्यवस्थित वनको रुपमा व्यवस्थापन हुनेछ ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता गर्ने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ ।

२४. <u>साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्ने</u> : साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवं त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावरको व्यवस्थापन गर्न साझेदारी वन व्यवस्थापन क्षेत्रभित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताहरुले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

२५. <u>साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरण</u> : (१) साझेदारी वनबाट उत्पादित काठ, दाउरा र गैह्रकाष्ठ वन पैदावारको बाँडफाँड तोकिए बमोजिम हुनेछ ।

(२) साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतका लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूह बाहिर बिक्री वितरणका लागि छुट्याउन सक्नेछ ।

(३) साझेदारी वनबाट साझेदारी वन उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकममध्ये कम्तीमा तीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापनमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा खर्च गरिनेछ ।

## परिच्छेद-६
## <u>वन संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था</u>

२६. <u>वन संरक्षण क्षेत्र</u> : (१) प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वनको देहायको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रको चारकिल्ला खुलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन मार्फत वन संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछ :-

(क) प्रादेशिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, परिस्थितिकीय, वैज्ञानिक वा

साँस्कृतिक महत्वको क्षेत्र,

(ख) भू तथा जलाधार संरक्षणको हिसाबले संवेदनशील देखिएको क्षेत्र,

(ग) संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति, जैविक मार्ग तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको क्षेत्र, वा

(घ) पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको क्षेत्र ।

(२) स्वीकृत भएको कार्ययोजनाको कार्यान्वयन उपभोक्ता समूह र स्थानीय तह लगायतका सरोकारवालाहरुसँग समन्वय गरी डिभिजन वन कार्यालयले गर्नेछ।

(३) वन संरक्षण क्षेत्रको व्यवस्थापनका लागि तोकिए बमोजिमको संस्थागत संरचना स्थापना गर्न सकिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "भू-परिधीय क्षेत्र" भन्नाले वन तथा वनसँग अन्तरसम्बन्धित समुदाय, क्षेत्र, नदी प्रणाली तथा प्राकृतिक स्रोत समेतलाई सम्झनु पर्छ ।

२७. वन संरक्षण क्षेत्रको व्यवस्थापन : (१) वन संरक्षण क्षेत्रको अवस्थितिका आधारमा एक वा सोभन्दा बढी वन व्यवस्थापन पद्धति अवलम्बन गर्न सकिनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वन संरक्षण क्षेत्रभित्र कार्यान्वयन भइरहेका विद्यमान वन व्यवस्थापन पद्धति समेतलाई अवलम्बन गरी वन व्यवस्थापन कार्ययोजना तर्जुमा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँटफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

२८. वन संरक्षण क्षेत्रको कार्ययोजना स्वीकृति : (१) डिभिजन वन कार्यालयले वन संरक्षण क्षेत्रको कार्ययोजना तर्जुमा गर्दा आवश्यकताको आधारमा एक वा एक भन्दा बढी वन संरक्षण, व्यवस्थापन पद्धतिमा आधारित भई तयार गर्नु पर्नेछ र त्यस्तो कार्ययोजना स्वीकृतिका लागि निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना निर्देशनालयले राय सहित मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको कार्ययोजना मन्त्रालयले स्वीकृत गर्नु पर्नेछ ।

(४) स्वीकृत भएको कार्ययोजना डिभिजनल वन अधिकृतले आफ्नो कार्य क्षेत्रमा लागू गर्नेछ।

२९. वन संरक्षण क्षेत्रमा रुपान्तरण हुने : (१) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको संरक्षित वनहरु यो ऐन प्रारम्भ भएपछि स्वत: वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको वन संरक्षण क्षेत्र रुपान्तरण हुँदा यो ऐन प्रारम्भ भएको बखत कायम रहेको वन व्यवस्थापन पद्धतिमा प्रतिकूल असर परेको मानिने छैन ।

## परिच्छेद-७

## सामुदायिक वन सम्बन्धी व्यवस्था

३०. सामुदायिक वन हस्तान्तरण गर्ने : (१) उपभोक्ता समूहले उपभोक्ताको माग बमोजिम उपयुक्त वन सम्वर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गर्न समूहभित्र स्वतन्त्र रुपले तथा समूह बाहिर प्रतिस्पर्धात्मक रुपमा वन पैदावारको मूल्य निर्धारण गरी बिक्री वितरण गर्न पाउने गरी डिभिजनल वन अधिकृतले राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रुपमा उपभोक्ता समूहलाई हस्तान्तरण गर्न सक्नेछ । त्यसरी सामुदायिक वन हस्तान्तरण गर्दा डिभिजनल वन अधिकृतले सामुदायिक वन हस्तान्तरणको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि डिभिजनल वन अधिकृतले उपभोक्ताहरुलाई परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन गर्न र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक, आर्थिक तथा क्षमता अभिवृद्धिमा सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना बनाई सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउनु पर्नेछ। त्यसरी बनाएको कार्ययोजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समूहले सोको जानकारी डिभिजनल वन अधिकृतलाई दिनु पर्नेछ ।

३१. सामुदायिक वनको कार्ययोजना : (१) उपभोक्ता समूहले स्थानीय तहसँग समन्वय गरी वन सम्वर्द्धनमा आधारित वन व्यवस्थापन कार्ययोजना तयार गरी डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजनाको अवधि बढीमा दश वर्षको हुनेछ ।

३२. विधान तथा कार्ययोजना संशोधन : उपभोक्ता समूहले विधान तथा सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्ययोजनामा आवश्यकता अनुसार समयानुकूल संशोधन तथा परिमार्जन गर्नु परेमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी डिभिजनल वन अधिकृतबाट विधान तथा कार्ययोजना स्वीकृत गराई लागू गर्नु पर्नेछ ।

३३. सामुदायिक वन फिर्ता लिन सकिने : (१) यस परिच्छेद बमोजिम हस्तान्तरण गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लंघन गरेमा डिभिजनल वन अधिकृतले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित उपभोक्ता समूहलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम डिभिजनल वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले पैंतीस दिनभित्र निर्देशक समक्ष उजुर गर्न सक्नेछ। त्यस्तो उजूरी उपर निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

३४. <u>सामुदायिक वन पुन: हस्तान्तरण गर्न सकिने</u> : (१) दफा ३३ को उपदफा (१) बमोजिम कुनै सामुदयिक वन फिर्ता लिने निर्णय उपर सोही दफाको उपदफा (२) बमोजिम उजुरी परी निर्देशकबाट त्यस्तो निर्णय बदर भएमा डिभिजनल वन अधिकृतले त्यस्तो सामुदायिक वन साविककै उपभोक्ता समूहलाई पुनः हस्तान्तरण गर्न सक्नेछ ।

(२) दफा ३३ को उपदफा (१) बमोजिमको निर्णय उपर सो दफाको उपदफा (२) बमोजिम उजूरी नपरेमा वा त्यस्तो उजूरी परी निर्णय सदर भएमा डिभिजनल वन अधिकृतले दफा ३१ बमोजिमको प्रकृया पूरा गरी उपभोक्ता समूह पुर्नगठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्नु पर्नेछ ।

३५. <u>विधान तथा कार्ययोजना विपरीत काम गर्नेलाई हुने सजाय</u> : (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाईसम्बन्धित उपभोक्ता समूहले समूहको स्वीकृत विधान र कार्ययोजना बमोजिम सजाय गर्नु पर्नेछ ।

(२) बीस हजारसम्मको सामुदायिक वनको वन पैदावार बिगो हुने गरी हानी नोक्सानी गर्ने उपभोक्तालाई बिगोसमेत असूल गरी बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असूल उपर गर्नु पर्नेछ। तर बीसहजारभन्दा बढीको वन पैदावार हानी नोक्सानी गर्ने उपभोक्ता वा उपभोक्ता समूहका सदस्यभन्दा बाहिरको व्यक्ति भएमा राष्ट्रिय वनमा कसूर गरे सरह प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरी भएको हानी नोक्सानीको आधारमा राष्ट्रिय वनमा कसूर गरे बमोजिमको सजाय हुन उपभोक्ता समूहबाट सिफारिस भई आएमा वा उजुरी परेमा वा प्रतिवेदन प्राप्त भएमा वा उपभोक्ता समूहले कारबाही नगरेमा डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम कारबाही अगाडि बढाउन सक्नेछ ।

(४) उपभोक्ता समूहले समूहको स्वीकृत विधान बमोजिम नयाँ उपभोक्ता समिति गठन भएपछि अघिको समितिका पदाधिकारीले नयाँ गठन भएका पदाधिकारीलाई पन्ध्र दिनभित्र बरबुझारथ गर्नु पर्नेछ । सो बमोजिम बरबुझारथ नगर्ने पदाधिकारीलाई डिभिजनल वन अधिकृतले यस ऐन बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरुलाई आर्थिक हिनामिना सम्बन्धी उजुरी परेमा छानबिन गरी अन्तिम टुङ्गो नलागेसम्म डिभिजनल वन अधिकृतले समूहको खाता रोक्का गर्न सक्नेछ ।

३६. <u>सामुदायिक वनको वन पैदावार बिक्री वितरण</u> : (१) सामुदायिक वनको कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावारमध्ये समूहले आफ्ना सदस्यलाई तोकिए बमोजिम बिक्री वितरण गरी खपत नभएको वन पैदावार तोकिए बमोजिम समूह बाहिर बिक्री वितरण गर्न सक्नेछन् ।

(२) समूहभन्दा बाहिर बिक्री वितरण गरिएको वन पैदावार बिक्रीबाट प्राप्त रकमको बाँटफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

३७. <u>वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने</u> : (१) सामुदायिक वन उपभोक्ता समूहले डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेको वन उद्यम तथा तोकिए बमोजिम पर्यापर्यटनका कार्यक्रमहरु आफैंले वा स्थानीय तह वा संघसंस्था वा निजी क्षेत्र वा सहकारीसँगको साझेदारीमा तोकिए बमोजिम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सामुदायिक वन उपभोक्ता समूहले पर्यापर्यटन विकासका लागि कुल वन क्षेत्रको एकसय हेक्टरसम्मको लागि बढीमा पाँच प्रतिशत र एक सय हेक्टरभन्दा बढी भएमा बढीमा पाँच हेक्टरसम्म वन क्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालनबाट प्राप्त आयको रकमको बाँटफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम सञ्चालनमा साझेदारी गरेका कारणले मात्र उपभोक्ता समूहको उत्तरदायित्व हस्तान्तरण भएको मानिने छैन ।

(५) उपदफा (१) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन उद्यम र पर्यापर्यटन कार्यक्रम सञ्चालनको क्रममा प्रचलित कानून र वन कार्ययोजना विपरीत भौतिक पूर्वाधार निर्माण गरी वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्ने वा वनको नोक्सान गर्ने वा वन पैदावारको नोक्सान गर्ने गराउने समूह, व्यक्ति वा संघ संस्थालाई यस ऐन बमोजिम कारवाही हुनेछ ।

(६) उपदफा (१) बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालनको लागि इजाजत दिने तथा त्यस्तो कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. <u>सहयोग लिन सक्ने</u> : सामुदायिक वन व्यवस्थापन सम्बन्धी कार्यका लागि उपभोक्ता समूहले विभिन्न सहकारी, संघ संस्था तथा निजी क्षेत्रसँग सहयोग लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. <u>सामुदायिक वनमा कबुलियती वन दिन सकिने</u> : (१) समूहले आफ्ना उपभोक्ताको आयआर्जनका लागि आफ्नो सामुदायिक वन तोकिए बमोजिम कार्ययोजना बनाई गरिबीको रेखामुनिका उपभोक्तालाई कबुलियती वनको रुपमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कबुलियती वनको कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कवुलितयती वन सामुदायिक वनकै अभिन्न अंगको रुपमा रहनेछ ।

## परिच्छेद-८

## कबुलियती वन सम्बन्धी व्यवस्था

४०. व्यवसायिक कबुलियती वन प्रदान गर्ने : (१) नेपालको संविधानको अनुसूची-६ को बुँदा नं. १९ बमोजिम प्रदेश सरकारले देहायका उद्देश्यहरुका लागि राष्ट्रिय वनको हैसियत बिग्रेको कुनै भाग तोकिए बमोजिम सम्झौता गरी प्रचलित कानून बमोजिम स्थापित कुनै उद्योग, समुदाय तथा सङ्गठित संस्थालाई प्रतिस्पर्धाको आधारमा उपलब्ध गराउन सक्नेछ :-

(क) वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) वनको संरक्षण र विकास हुने गरी जडीबुटी खेती वा कृषि वन वा पशु फर्म(सिल्भोपाष्टर) सञ्चालन गर्न,

(घ) वनको संरक्षण र विकास हुने गरी कीट, पतङ्ग तथा वन्यजन्तुको फार्म सञ्चालन गर्न,

(ङ) वनको संरक्षण र विकास हुने गरी पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न,

(२) उपदफा (१) मा उल्लिखित उद्देश्यहरुका लागि कबुलियती वन लिन चाहने प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्था, उद्योग वा समुदायले आफूले कबोल गरेको रकम वार्षिक रुपमा तिर्नु पर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "हैसियत बिग्रेको वन" भन्नाले बीस प्रतिशतभन्दा कम क्षेत्र घनत्व भएको वन सम्झनु पर्छ ।

४१. व्यवसायिक कबुलियती वन प्रदान गर्ने सूचना : (१) डिभिजन वन कार्यालयले तयार गरेको कार्ययोजनाको आधारमा कबुलियती वन उपलब्ध गराउन सकिने वन क्षेत्रको विषयमा वन निर्देशनालयले प्रतिस्पर्धाको लागि तोकिए बमोजिम आवश्यक विवरणसहितको सूचना निकाल्न सक्नेछ ।

(२) प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्था, उद्योग वा समुदायले तोकिए बमोजिमको कार्ययोजना सहित प्रदेश वन निर्देशक समक्ष निवेदन दिन सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम निवेदन पर्न आएमा निर्देशकले तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी कबुलियती वन प्रदान गर्न उपयुक्त देखिएमा सिफारिससहित मन्त्रालयमा पेश गर्नु पर्नेछ र मन्त्रालयले स्वीकृत गर्नेछ ।

४२. व्यवसायिक कबुलियती वनको पट्टा : नेपाल सरकारबाट व्यवसायिक कबुलियती वन दिने गरी स्वीकृति प्राप्त भएमा निर्देशनालयले स्वीकृति प्राप्त भएको मितिले तीस दिनभित्र तोकिए बमोजिम व्यवसायिक कबुलियती वनको पट्टा सम्बन्धित सङ्गठित संस्था वा उद्योग वा समुदायलाई दिनु पर्नेछ ।

४३. गरिबका लागि कबुलियती वन दिन सकिने : (१) डिभिजनल वन अधिकृतले वनको संरक्षण र विकास हुने गरी गरिबीका रेखामुनि रहेका जनताको लागि गरिबी न्यूनीकरण गर्न तोकिए बमोजिम समूह गठन गरी राष्ट्रिय वनको हैसियत बिग्रेको कुनै भाग तोकिए बमोजिमको प्रकृया पूरा गरी कबुलियती वन प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्रदान गर्दा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो वन कबुलियती वनको रुपमा प्रदान गर्न उपयुक्त देखेमा सोको निर्णय गरी समूहलाई दर्ता प्रमाणपत्र दिनु पर्नेछ । यसरी प्रदान गरिने कबुलियती वनको व्यवस्थापन सम्बन्धी कार्ययोजना डिभिजनल वन अधिकृतले स्वीकृत गर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कबुलियती वन प्रदान गर्दाकोबखत रहेका रुखहरुको स्वामित्व प्रदेश सरकारको हुनेछ । ती रुखहरु संरक्षण गरे वापत सोबाट प्राप्त हुने आयको तोकिए बमोजिमको हिस्सा कबुलियती वन समूहलाई दिन सकिनेछ ।

(४) कबुलियती वन प्रदानगरेको कम्तीमा पाँच वर्षपछि कबुलियती वन प्रदान गर्दाको बखत रहेका रुखहरु सुकेमा वा ढलेमा वा मरेमा उक्त रुखहरुबाट उत्पादन हुने काठ, दाउरा डिभिजन वन कार्यालयले तोकिए बमोजिम बिक्री वितरण गरी प्राप्त रकमको पच्चीस प्रतिशत सम्बन्धित कबुलियती वन समूहलाई दिनु पर्नेछ र बाँकी रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम प्रदान गरिएको कबुलियती वनमा कार्ययोजना बमोजिम समूहले लगाई हुर्काएका रुख विरुवाको स्वामित्व समूहको हुनेछ र समूहले उक्त रुखहरु तोकिए बमोजिम बिक्री वितरण गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिम प्रदान गरिने कबुलियती वनका लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

४४. कबुलियती वन फिर्ता लिन सकिने : कबुलियती वन फिर्ता लिन सक्ने सम्बन्धी व्यवस्था यस ऐन बमोजिम हुनेछ ।

४५. कार्ययोजना विपरीत कार्य गर्नेलाई सजाय : व्यवसायिक कबुलियती वनको पट्टावाला वा गरिबका लागि कबुलियती वन उपभोक्ता समूह वा अन्य कसैले कार्ययोजना विपरीतको कुनै काम गरेमा वा वनमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, संघ, संस्था, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।

## परिच्छेद-९

## धार्मिक वन सम्बन्धी व्यवस्था

४६. धार्मिक वन हस्तान्तरण गर्ने : (१) परापूर्वकालदेखि ऐतिहासिक पवित्र धार्मिकस्थल र त्यस वरिपरीको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यसको वरिपरीको प्रदेशकोभित्रको राष्ट्रिय वन धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा राष्ट्रिय वनको निश्चित भाग डिभिजनल वन अधिकृतले धार्मिक वनको रुपमा हस्तान्तरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम धार्मिक वन हस्तान्तरण गर्दा उपभोक्ताहरुको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम संरक्षणको लागि हस्तान्तरण गरिएको कारणले मात्र त्यस्तो वन त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा हक हस्तान्तरण भएको मानिने छैन ।

४७. धार्मिक वनको कार्ययोजना : (१) दफा ४६ बमोजिमको प्रयोजनका लागि कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला, त्यस्तो वनमा गरिने कार्यहरु तथा तोकिए बमोजिमका अन्य विवरणहरु खुलेको कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयमा पेश भएमा डिभिजनल वन अधिकृतले आवश्यक जाँचबुझ गरी स्वीकृत गर्नु पर्नेछ ।

(२) धार्मिक वन लिने निकायले आफ्नो धार्मिक वनभित्र स्वीकृत कार्ययोजनामा उल्लिखित बाहेक अन्य कुनै काम गर्न गराउन पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको कार्ययोजना तयारी गर्दा डिभिजन वन कार्यालयले प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

४८. धार्मिक वनको व्यवस्थापन : (१) धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ ।

(२) धार्मिक वनभित्र वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानी नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न वा कुनै भौतिक पूर्वाधार निर्माण गर्न पाइने छैन ।

४९. धार्मिक वन फिर्ता लिन सकिने : (१) दफा ४६ बमोजिम हस्तान्तरण गरिएको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले दफा ४७ र ४८ विपरीतको कार्य गरेमा वा धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने कुराहरु पालन नगरेमा डिभिजनल वन अधिकृतले त्यस्तो धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

तर धार्मिक वन फिर्ता लिने निर्णय गर्नुअघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम भएको निर्णय उपर चित्त नबुझेमा धार्मिक निकाय, समूह वा समुदायले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त उजुरीको सम्बन्धमा प्रदेश वन निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

५०. कार्ययोजना विपरीत कार्य गर्नेलाई सजाय : धार्मिक वनको कार्ययोजना विपरीतको कुनै काम गरेमा वा धार्मिक वनमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायलाई राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।

## परिच्छेद-१०

## उपभोक्ता समूह गठन सम्बन्धी व्यवस्था

५१. उपभोक्ता समूहको गठन तथा दर्ता : (१) सामूहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले यस ऐनमा व्यवस्था भए बमोजिम उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका उपभोक्ता समूह सम्बन्धित डिभिजन वन कार्यालयमा तोकिए बमोजिम दर्ता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ताको लागि सम्बन्धित उपभोक्ता समूहले विधानसमेत संलग्न राखी निवेदन दिनु पर्नेछ ।

५२. उपभोक्ता समूह सङ्गठित संस्था हुने : (१) उपभोक्ता समूह अविच्छिन्न, उत्तराधिकारवाला एक स्वशासित, सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५३. उपभोक्ता समूहको कोष : (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायको रकम जम्मा गरिनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान वा सहायता रकम,

(ग) वन पैदावारका बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(घ) उपभोक्ता समूहको सदस्यता शुल्क र उपभोक्ता समूहले गरेको जरिवानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गर्ने खर्च रकम उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका बन्यजन्तुबाट त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

५४. प्रतिवेदन पेश गर्नुपर्ने : (१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिति खुलाई लेखापरीक्षण गरी आफ्ना क्रियाकलापहरुको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समयभित्र वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश नगरेमा डिभिजन वन कार्यालयले  सम्बन्धित उपभोक्ता समूहको बैक खाता रोक्का गरी वन पैदावार सङ्कलन तथा बिक्री वितरणमा समेत रोक लगाउन सक्नेछ ।

(३) डिभिजनल वन अधिकृतले आवश्यक ठानेमा उपभोक्ता समूहको बैक खाता चेकजाँच गर्न सक्नेछ ।

तर त्यसरी बैक खाता चेकजाँच गर्नु अघि डिभिजनल वन अधिकृत आफैले हस्ताक्षर गरी सम्बन्धित बैकमा बैक खाता चेकजाँच गर्नुको कारण र आवश्यकता खुलाई पत्राचार गरेको हुनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनहरुको आधारमा डिभिजन वन कार्यालयल सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त निर्देशन पालन गर्नु उपभोक्ता समूहको कर्तव्य हुनेछ ।

## परिच्छेद-११

## निजी तथा सार्वजनिक जग्गामा रहेको वन सम्बन्धी व्यवस्था

५५. निजी वन दर्ता : (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सवडिभिजन वन कार्यालयको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा आवश्यक जाँचवुझ गरी सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम निजी वन दर्ता प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको जानकारी स्थानीय तहले सम्बन्धित डिभिजन वन कार्यालयलाई गराउनु पर्नेछ ।

५६. <u>निजी वनको व्यवस्थापन</u> : (१) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वन धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक तथा अन्य सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

(३) निजी वनको धनीलाई सरकारले तोकिए बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ ।

(४) कुनै व्यक्ति, संस्था, समूह वा समुदायले प्रचलित कानून बमोजिम कृषि वन, जडीबुटी खेती तथा वन्यजन्तु पालन समेत गर्न सक्नेछ ।

५७. <u>व्यवसायिक प्रयोजनका लागि निजी वनको वन पैदावार बिक्री वितरण र ओसारपसार</u> : (१) निजी वनको धनी वा निजी वनको वन पैदावार खरिदकर्ताले सम्बन्धित स्थानीय तहभित्र व्यावसायिक प्रयोजनका लागि सङ्कलन इजाजत लिन र ओसारपसार गर्न तोकिए बमोजिमका कागजातहरु संलग्न गरी सम्बन्धित स्थानीय तहमा तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर आवश्यक जाँचवुझ गरी सङ्कलन वा कटान इजाजत, बिक्री र ओसारपसार गर्न स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा सङ्कलन वा कटान अनुमति र ओसारपसार अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको ओसारपसार अनुमति दिंदा प्रचलित कानून बमोजिमको कर लिई वन पैदावारको प्रजाति र परिमाण, लैजान चाहेको स्थान, ओसारपसार गर्ने व्यक्ति सहितको विवरण उल्लेख गरी ओसारपसार गर्न स्वीकृति दिनु पर्नेछ ।

(४) निजी वनको धनी वा खरिदकर्ताले निजी वनको वन पैदावार व्यावसायिक प्रयोजनका लागि सम्बन्धित स्थानीय तहबाट बाहिर ओसारपसार गर्ने स्वीकृति लिनको लागि तोकिए बमोजिमका कागजातहरु संलग्न गरी सम्बन्धित डिभिजन वन कार्यालयमा सङ्कलन वा कटान र ओसारपसार गर्न चाहेको वन पैदावरको नाम र परिमाण उल्लेख गरी तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम परेको निवेदन र कागजात उपर आवश्यक जाँचवुझ गरी सङ्कलन वा कटान इजाजत र ओसारपसार अनुमति दिन उपयुक्त देखिएमा डिभिजन वन कार्यालयले तोकिए बमोजिमको ढाँचामा सङ्कलन वा कटान अनुमति र सम्बन्धित स्थानीय तह बाहिर ओसारपसार अनुमति दिन सक्नेछ।

(६) उपदफा (२) र उपदफा (५) बमोजिमको ओसारपसार अनुमति दिंदा प्रचलित कानून बमोजिमको कर लिई वन पैदावारको प्रजाति र परिमाण, लैजान चाहेको स्थान र ओसारपसार गर्ने व्यक्ति सहितको विवरण उल्लेख गरी ओसारपसार गर्न स्वीकृति दिनु पर्नेछ ।

५८. <u>घरायसी प्रयोजनका लागि निजी वनको वन पैदावार सङ्कलन र ओसारपसार</u> : (१) निजी वन धनी स्वयंले निजी वनको वन पैदावार घरायसी प्रयोजनका लागि कटान वा सङ्कलन गरी सम्बन्धित जिल्लाभित्रका

स्थानीय तहमा ओसारपसार गर्ने स्वीकृति लिनका लागि तोकिए बमोजिमका कागजातहरु संलग्न गरी वन पैदावरको नाम र सँख्यासहित तोकिए बमोजिमको ढाँचामा स्थानीय तहको कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन र कागजात उपर आवश्यक जाँचबुझ गरी सम्बन्धित स्थानीय तहले तोकिए बमोजिमको ढाँचामा सङ्कलन, कटान अनुमति र जिल्लाभित्रका स्थानीय तहमा ओसारपसार गर्न अनुमति दिन सक्नेछ ।

(३) निजी वन धनी स्वयंले निजी वनको वन पैदावार घरायसी प्रयोजनका लागि कटान गरी एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्नु परेमा तोकिए बमोजिमका कागजातहरु संलग्न गरी सम्बन्धित डिभिजन वन कार्यालयमा सङ्कलन वा कटान र ओसारपसार गर्न चाहेको वन पैदावरको नाम र सँख्यासहित तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन र कागजात उपर आवश्यक जाँचबुझ गरी सङ्कलन वा कटान इजाजत र ओसारपसार अनुमति दिन उपयुक्त देखिएमा डिभिजन वन कार्यालयले तोकिए बमोजिमको ढाँचामा सङ्कलन वा कटान अनुमति र एक जिल्लाबाट अर्को जिल्लामा ओसारपसार गर्न स्वीकृति दिन सक्नेछ ।

(५) उपदफा (२) र (४) बमोजिमको ओसारपसार अनुमति दिदा वन पैदावारको प्रजाति र परिमाण, लैजान चाहेको स्थान र ओसारपसार गर्ने व्यक्ति सहितको विवरण उल्लेख गरी ओसारपसार गर्न स्वीकृति दिनु पर्नेछ ।

५९. <u>निजी वनको सीमा निर्धारण</u> : सार्वजनिक जग्गा वा राष्ट्रिय वन क्षेत्रसँग सीमाना जोडिएको निजी वनको वन पैदावार सङ्कलनको लागि नापीको नक्सा र फिल्डवुक बमोजिम जमिनमा सीमा निर्धारण गर्नु पर्नेछ ।

६०. <u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था</u> : (१) स्थानीय तहले यस ऐनको अधीनमा रही आफ्नो स्वामित्वमा रहेको सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावारको उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) स्थानीय तहलाई उपदफा (१) बमोजिमको कामका लागि आवश्यक प्राविधिक सहयोग डिभिजन वन कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-१२

## <u>सहरी वन सम्बन्धी व्यवस्था</u>

६१. <u>सहरी वनको विकास र व्यवस्थापन</u> : (१) स्थानीय तहले राष्ट्रिय वनक्षेत्र बाहेकको आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्रतथा वस्तीमा रहेका सार्वजनिक सडक, पार्क, घर बगैंचाजस्ता स्थानहरुमा आफैंले वा कुनै संघसंस्था वा निजी क्षेत्रसँगको साझेदारीमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि आवश्यक पर्ने प्राविधिक सहयोग डिभिजन वन कार्यालयले उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावर सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम प्रयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

## परिच्छेद-१३

## रुखहरु हटाउने सम्बन्धी व्यवस्था

६२. रुखहरु हटाउने व्यवस्था : (१) कसैले सडक, बाटो, नहर, कुलो चौतारा, मन्दिर, कार्यालय परिसर वा यस्तै अन्य सार्वजनिक स्थानमा रहेका रुखहरु काट्न र मास्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सडक, बाटो, नहर, कुलो,चौतारा, मन्दिर, कार्यालय परिसर वा यस्तै अन्य सार्वजनिक स्थानमा रहेका रुखहरु हटाउने, बिक्री वितरण गर्ने र स्वामित्व कायम गर्ने विषय मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम डिभिजन वन कार्यालयले एक तह माथिबाट स्वीकृति लिई बिक्री वितरण गर्ने अनुमति प्रदान गर्नेछ।

(३) प्रदेश गौरवका आयोजनाहरु सञ्चालन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनले तोकेका सो क्षेत्रभित्र परेका र सार्वजनिक स्थलका रुखहरु हटाउने निर्णय प्रदेश सरकारले गर्न सक्नेछ ।

## परिच्छेद-१४

## वन्यजन्तु संरक्षण सम्बन्धी व्यवस्था

६३. जैविकमार्ग तोक्न सक्ने : (१) प्रदेश सरकारले प्रदेशको राष्ट्रिय वनको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जैविकमार्ग घोषणा गर्न सक्नेछ ।

(२) जैविकमार्गको संरक्षण र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६४. कृषिका निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सकिने : (१) प्रदेश सरकारले नेपाल सरकारको सहमतिमा कुनै खास क्षेत्रमा खास समयका लागि प्रचलित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी ऐन बमोजिमका संरक्षित वन्यजन्तु बाहेकका अन्य वन्यजन्तु तथा पंक्षीलाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कृषिको निमित्त हानिकारक वन्यजन्तु घोषणा गर्न सक्नेछ र त्यसरी हानिकारक घोषणा गरिएका वन्यजन्तु तथा पंक्षीहरुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधीनमा रही खेत, बारी वा आवास क्षेत्रमा बिना अनुमति लखेट्न, धपाउन र पक्रन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा पक्रिएको कुनै वन्यजन्तुको सूचना नजिकको बन कार्यालयमा दिनु पर्नेछ ।

६५. वन्यजन्तुबाट हुने क्षति वापत राहत दिइने : (१) वन्यजन्तुको कारणले मानवीय क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, खाद्यान्न बालीको क्षति र घरगोठ क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ ।

(२) वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाईते भएमा तोकिए बमोजिम राहत उपलब्ध गराईनेछ ।

## परिच्छेद-१५
## जलाधार व्यवस्थापन

६६. जलाधार व्यवस्थापनको योजना : (१) भू-संरक्षण तथा जलाधार व्यवस्थापन क्रियाकलापहरूको कार्यान्वयन गर्दा जलाधारको वृहत जलचक्र प्रणाली र परिस्थितिकीय प्रणालीको सन्तुलन कायम हुने गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्रियाकलाप सञ्चालनको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालयले जिल्लाभित्र रहेका जलाधारहरूको वर्गीकरण गरी प्राथमिकताका आधारमा अति संवेदनशील जलाधार क्षेत्रहरू पहिचान गरी कार्यान्वयन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जलाधारहरूको वर्गीकरण गर्दा जलाधार क्षेत्रको प्राकृतिक स्रोत तथा भू उपयोगको अवस्था, भौगोलिक अवस्थिति, जलचक्र तथा पानी ढलोको संवेदनशीलता, मानवीय चाप र प्राकृतिक प्रकोपको जोखिमको आधारमा वर्गिकृत गर्न सक्नेछ ।

(४) भू तथा जलाधार व्यवस्थापन कार्यालयले उपदफा (२) बमोजिम पहिचान भएका अति संवेदनशील जलाधार क्षेत्रहरूको तोकिए बमोजिमको ढाँचामा जलाधार व्यवस्थापन योजना तयार गरी स्वीकृतिको लागि निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको योजना प्रदेश वन निर्देशकले तोकिए बमोजिमको अध्ययन तथा जाँचबुझ गरी स्वीकृत गर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृत योजना सञ्चालन गर्ने दायित्व भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुखको हुनेछ ।

(७) स्वीकृत जलाधार व्यवस्थापन योजनामा उल्लेख भए बाहेकका अन्य जलाधार क्षेत्रहरूमा कार्यक्रम सञ्चालन गर्नु परेमा सम्बन्धित स्थानीय तहको सिफारिस साथ निर्देशनालयको सहमति लिई भू तथा जलाधार व्यवस्थापन कार्यालयले कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(८) जलाधार व्यवस्थापन कार्यक्रमहरू उपभोक्ताको जनसहभागितामा सञ्चालन गर्नु पर्नेछ ।

६७. <u>संरक्षित जलाधार क्षेत्र घोषणा गर्न सक्ने</u> : (१) राष्ट्रिय वन सहितको कुनै क्षेत्र जलाधार संरक्षणका लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी चार किल्ला तोकी संरक्षित जलाधार क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम घोषित संरक्षित जलाधार क्षेत्रको सीमाना आवश्यकता अनुसार प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

(३) संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि निर्देशनालयले उपदफा (१) बमोजिम घोषणा भएको संरक्षित जलाधार क्षेत्रको कार्ययोजना तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ र सोको कार्यान्वयन भू तथा जलाधार व्यवस्थापन कार्यालयले गर्नेछ।

(४) उपदफा (३) बमोजिम कसैले पनि संरक्षित जलाधार क्षेत्रमा संरक्षण र व्यवस्थापनका लागि गरिएको कुनै कार्य नास्न, मास्न, बिगार्न वा हेरफेर गर्न गराउन हुँदैन।

(५) भू तथा जलाधार व्यवस्थापन कार्यालयले संरक्षित जलाधार क्षेत्रको संरक्षण तथा व्यवस्थापनका लागि स्थानीय समुदायहरूको सहभागितामा जलाधार संरक्षण समिति गठन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम गठन भएको जलाधार संरक्षण समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१६

## <u>अध्ययन, अनुसन्धान तथा जडीबुटी सम्बन्धी अध्ययन, खेती प्रशोधन र पर्यापर्यटन सम्बन्धी व्यवस्था</u>

६८. <u>अध्ययन, अनुसन्धानका लागि वन क्षेत्र उपलब्ध गराउन सक्ने</u> : अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शन गर्ने अभिप्रायले सरकारी स्वामित्वमा रहेका अनुसन्धान गर्ने निकाय, विश्वविद्यालय वा शैक्षिक संस्थाले वन क्षेत्र माग गरेमा प्रचलित कानून बमोजिम राष्ट्रिय वनको कुनै भाग उपलब्ध गराउन सकिनेछ ।

६९. <u>अध्ययन, अनुसन्धानका लागि अनुमति लिनुपर्ने</u> : (१) राष्ट्रिय वन क्षेत्रभित्र वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान तथा नमूना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र लिएको व्यक्ति वा संस्थाले अध्ययन अनुसन्धानको प्रतिवेदन अनुमति दिने निकाय र सम्बन्धित जिल्लास्थित कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमति नलिई अध्ययन, अनुसन्धान तथा नमूना सङ्कलन गरेमा राष्ट्रिय वनमा कसूर गरे सरह सजाय हुनेछ ।

७०. <u>जडीबुटी अनुसन्धान तथा प्रशोधन केन्द्र स्थापना गर्न सकिने</u> : प्रदेश सरकारले जडीबुटी तथा सुगन्धित वनस्पतिको अध्ययन, अनुसन्धान, उत्पादन, प्रदर्शनी, व्यवसायिक खेती र उद्योग सञ्चालन तथा प्रवर्द्धनका लागि जडीबुटी अनुसन्धान तथा प्रशोधन केन्द्रको स्थापना गर्न सक्नेछ ।

७१. <u>साझेदारीमा जडीबुटी खेती र प्रशोधन एवं बजारीकरण गर्न सकिने</u> : (१) राष्ट्रिय वन क्षेत्रमा प्रदेश सरकारले तोकिए बमोजिम सार्वजनिक, निजी, सामुदायिक साझेदारीमा जडीबुटी खेती, प्रविधि विकास, विस्तार, उत्पादन, प्रशोधन एवं बजार प्रवर्द्धन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा गरिने जडीबुटी खेती प्रविधि विकास, विस्तार तथा उत्पादनका लागि मन्त्रालयले नेपाल सरकारको सहमतिमा २० प्रतिशत भन्दा कम क्षेत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भाग कुनै संगठित संस्था, फर्म, कम्पनी वा समुदायलाई तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ ।

७२. <u>पर्यापर्यटन कार्यक्रम सञ्चालन</u> : मन्त्रालयले राष्ट्रिय वन क्षेत्रभित्र पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम सञ्चालन गर्न सक्नेछ ।

७३. <u>वन पैदावारमा आधारित उद्योग सम्बन्धी व्यवस्था</u> : (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नु पूर्व सम्बन्धित डिभिजन वन कार्यालयमा व्यवसायिक सम्भाव्यता तथा उत्पादन गर्ने वस्तु र सेवाको व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।

तर औद्योगिक व्यवसाय सम्बन्धी प्रदेश कानून बमोजिम लघु र घरेलु उद्यमको रुपमा रहेका उद्यमहरुको हकमा यो प्रावधान लागू हुने छैन ।

(२) उपदफा (१) बमोजिमको उद्योग स्थापना गर्दा उद्योगको प्रकार र वन क्षेत्रदेखिको दूरी सामुदायिक उद्योगको हकमा लागू नहुने र त्यस  बाहेकका अन्यको हकमा पहाडमा दुई सय र तराईमा तीनसय मीटरको हुनेछ ।

## परिच्छेद-१७

## <u>वन पैदावार बिक्री वितरण सम्बन्धी व्यवस्था</u>

७४. <u>प्रतिस्पर्धाद्वारा वन पैदावारको बिक्री वितरण</u> : (१) डिभिजन वन कार्यालयले कार्ययोजनाले तोकेको वार्षिक सङ्कलन परिमाणभित्र रही सङ्कलन गरिएका वन पैदावारहरु स्थानीय आपूर्तिको लागि छुट्याई बाँकी रहेको वन पैदावार तोकिएको प्रकृया पूरा गरी बोलपत्र विधि मार्फत लिलाम बिक्री गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम साठि लाख रुपैया भन्दा बढी रकमको वन पैदावरको लिलाम बिक्री गर्दा विद्युतीय बोलपत्र  (इ-बिडिङ्ग) विधि अवलम्बन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वन पैदावारको लिलाम बिक्री गर्दा कार्यालय प्रमुखले पच्चीस लाख रुपैयाँ सम्मको बोलपत्रको स्वीकृति गर्नेछ । सो भन्दा माथिको बोलपत्रको स्वीकृति वन निर्देशकले गर्न सक्नेछ ।

(४) डिभिजनल वन अधिकृतले जडिबुटी लगायतका गैह्रकाष्ठ वन पैदावारहरुको बिक्री वितरण गर्दा स्वीकृत कार्ययोजनाको वार्षिक परिमाणको अधीनमा रही प्रचलित कानून बमोजिम जडिबुटी सङ्कलन तथा

बिक्री वितरणका लागि दर्ता भएको फर्मलाई सङ्कलन ईजाजत प्रदान गरी तोकिएको राजश्व एवं कर तोकिए बमोजिमको राजश्व खातामा जम्मा गर्न लगाई बिक्री वितरण गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि डिभिजनल वन अधिकृतले प्रतिस्पर्धाको आधारमा जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारको बिक्री वितरण गर्ने कुरालाई बाधा पुऱ्याएको मानिने छैन ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वन कसूरमा बरामद गरिएका वा वेवारिसे अवस्थामा फेला परेका वन पैदावार मध्ये बढीमा पचास हजार रुपैयाँसम्मको रकम वा बढीमा पचास घनफिटसम्मको वन पैदावार डाँक बडाबड मार्फत डिभिजनल वन अधिकृतले बिक्री वितरण गर्न सक्नेछ ।

७५. <u>ढलापडा काठ दाउरा सङ्कलन</u> : (१) बाढी, पहिरो, हावाहुरी, आगलागी, रोगव्याधि तथा कीटपतङ्ग जस्ता कारणले ढलेका तथा सुख्खा खडा रुखहरु स्वीकृत कार्ययोजनामा तोकिएको वार्षिक परिमाण भन्दा बढी हुन गएमा मन्त्रालयले निर्धारण गरेको व्यवस्थाको अधीनमा रही निर्देशनालयको स्वीकृति लिई डिभिजन वन कार्यालयले सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ ।

(२) डिभिजन वन कार्यालयले आफ्नो क्षेत्राधिकारमा पर्ने सामुदायिक वन, साझेदारी वन र प्रदेश सरकारद्वारा व्यवस्थित वनमा रहेका सुख्खड खडा रुखहरु स्वीकृत कार्ययोजनामा तोकिएको परिमाण भन्दा बढी हुन गएमा यो ऐन जारी भएको तीन वर्षभित्र एकपटकका लागि मन्त्रालयले निर्धारण गरेको व्यवस्थाको अधीनमा रही डिभिजन वन कार्यालयले वन निर्देशनालयको स्वीकृति लिई सङ्कलन, ओसारपसार तथा बिक्री वितरण गर्न सक्नेछ ।

७६. <u>जिल्ला वन पैदावार आपूर्ति सम्बन्धी व्यवस्था</u> : (१) डिभिजन वन कार्यालय र वन उपभोक्ता समूहले काठ दाउरा सङ्कलन पश्चात् बिक्री गर्नु अगाडि सबै गुणस्तरको समानुपातिक परिमाण मिलाएर कम्तीमा तीस प्रतिशत काठ दाउरा विपद् व्यवस्थापन, घरकाज, कृषि औजार, धार्मिक तथा साँस्कृतिक कार्य, शव दहन र अत्यावश्यक स्थानीय विकास निर्माण कार्यमा समूह बाहिरका व्यक्ति, संघसंस्थाको प्रयोगका लागि छुट्याउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छुट्याएको काठ दाउराको लगत सम्बन्धित स्थानीय तहमा पठाई डिभिजन वन कार्यालयमा समेत अद्यावधिक राख्नु पर्नेछ ।

७७. <u>जिल्ला वन पैदावार आपूर्ति समिति सम्बन्धी व्यवस्था</u> : (१) प्रदेश सरकारले स्थानीय जनताको हितलाई ध्यानमा राखी काठ, दाउरा बिक्री वितरण गर्न आवश्यकता अनुसार देहाय बमोजिमको एक जिल्ला वन पैदावार आपूर्ति समिति गठन गर्न सक्नेछः-

(क) डिभिजनल वन अधिकृत -अध्यक्ष

(ख) सहायक प्रमुख जिल्ला अधिकारी वा प्रमुख जिल्ला अधिकारीले

तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) जिल्लास्थित प्रदेश सरकारको लेखा हेर्ने कार्यालयको प्रतिनिधि -सदस्य

(घ) प्रदेश मन्त्रालयबाट मनोनीत सम्बन्धित डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्रका एक जना महिला सहित तीनजना -सदस्य

(ङ) जिल्ला समन्वय समितिले तोकेको जनप्रतिनिधि -सदस्य

(च) डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृत -सदस्य-सचिव

(२) एकै जिल्लामा दुई वटा डिभिजन वन कार्यालय भएमा जिल्लाको सदरमुकाम रहेको डिभिजनल वन अधिकृत समितिको अध्यक्ष र अर्को डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृतले तोकेको सहायक वन अधिकृत सदस्य-सचिव हुनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (१) बमोजिम गठित जिल्ला वन पैदावार आपूर्ति समितिले जिल्लामा नियम ७७ को उपदफा (१) को प्रयोजनको लागि छुट्याई सोही दफाको उपदफा (२) बमोजिम लगत कायम भएको काठ दाउरा डिभिजन वन कार्यालय र समूहबाट नियमानुसार प्राप्त गरी सम्बन्धित स्थानीय तहको सिफारिसमा र विपद्सँग जोडिएको विषयमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा बिक्री वितरणको व्यवस्था मिलाउनेछ ।

तर कृषि औजार र कृषिमा आधारित उद्योगको लागि आवश्यक पर्ने काठ दाउराको लागि सिफारिस आवश्यक पर्ने छैन ।

(५) डिभिजनल वन अधिकृतले तोकिए बमोजिमको रोयल्टी लिई आपूर्ति समितिलाई सरकारद्वारा व्यवस्थित वनबाट कार्ययोजना बमोजिम बिक्री वितरण गर्न तोकिएको परिमाणको अधीनमा रही एकमुष्ट वा लट-लट गरी तोकिए बमोजिमको इजाजत दिई काठ दाउरा उपलव्ध गराउन सक्नेछ ।

(६) कार्ययोजना बमोजिम काठ दाउरा प्राप्त हुन नसक्ने जिल्लाको लागि प्रदेश सरकारले प्रदेश भित्रको काठ दाउरा उपलब्ध हुन सक्ने अन्य जिल्लाको आपूर्ति समितिबाट काठ दाउरा उपलब्ध गराई बिक्री वितरणको व्यवस्था मिलाउन सक्नेछ ।

(७) आपूर्ति समितिले वार्षिक कार्ययोजना तयार गरी वन निर्देशनालयबाट स्वीकृति गराउनु पर्नेछ।

(८) आपूर्ति समितिले राष्ट्रियस्तरका मठमन्दिर, सत्तल एवं प्राचीन स्मारक मर्मत तथा पुनः निर्माण कार्य र बाढी, पहिरो, भूकम्प, आगलागी लगायतका विपद् व्यवस्थापन कार्यको लागि संघीय सरकारलाई काठ दाउरा आवश्यक परेमा मन्त्रालयको सिफारिसमा दफा ७७ को उपदफा (२) बमोजिमको लगतबाट सम्बन्धित कार्यको लागि काठ दाउरा उपलव्ध गराउनु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्ययोजनामा निर्दिष्ट वार्षिक परिमाणको अधीनमा रही परम्परादेखि चलिआएको धार्मिक तथा साँस्कृतिक कामको निमित्त काठ दाउरा माग भएमा

मन्त्रालयले निर्धारण गरिदिए बमोजिमको परिमाणको काठ दाउरा डिभिजनल वन अधिकृतले आपूर्ति समिति मार्फत न्यूनतम रोयल्टी मूल्यमा उपलब्ध गराउन सक्नेछ ।

तर धार्मिक कार्यका लागि रोयल्टी मिनाहा गरी काठ दाउरा उपलब्ध गराउन मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(१०) उपदफा (९) मा उल्लिखित रोयल्टी मिनाहा गरिएको काठ दाउराको सङ्कलन तथा ढुवानीमा लागेको खर्च सम्बन्धित निकायले आपूर्ति समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(११) आपूर्ति समिति नभएको जिल्लाहरूमा दफा ७६ को उपदफा (२) बमोजिम लगत कायम गरिएको काठ दाउरा दफा ७६ को उपदफा (१) को प्रयोजनका लागि माग गर्ने व्यक्ति, संघसंस्थालाई सम्बन्धित स्थानीय तहको सिफारिसमा र विपद्सँग जोडिएको विषयमा जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसमा तोकिए बमोजिमको दरमा सङ्कलन र व्यवस्थापन खर्च जोडी हुने आउने मूल्यमा उपलव्ध गराउनु पर्नेछ।

(१२) यस दफा बमोजिम प्राप्त गरेको काठ दाउरा अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।

७८. <u>हकको प्रमाण नपुग भएसम्म काठ प्रदेश सरकारको ठहर्ने</u> : (१) खोला, खहरे, नदीले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको सबै काठ टाँचा निशाना लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ र टाँचा निशाना नलागेका काठहरु कसैले आफ्नो हक प्रमाण नपुऱ्याएसम्म प्रदेश सरकारको सम्पत्ति ठहरिनेछ ।

(२) उपदफा (१) बमोजिमका काठ डिभिजनल वन अधिकृतले सुरक्षित स्थानमा घाटगद्दी गराउनु पर्नेछ ।

७९. <u>दरिया बुर्दी काठको सूचना</u> : दफा ७८ को उपदफा (२) बमोजिम दरिया बुर्दी काठ घाटगद्दीमा जम्मा भएपछि त्यस्तो काठको पूरै विवरण र लगतसहितको पन्ध्र दिने सूचना सम्बन्धित डिभिजनल वन अधिकृतले सम्बन्धित स्थान, स्थानीय तह, सवडिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमा टाँस गर्नु पर्नेछ र त्यस्तो काठमा हकदावी गर्नेले पन्ध्र दिनभित्र आफ्नो हकदावीको सबुत प्रमाणसहितको दरखास्त सम्बन्धित डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

८०. <u>हकदाबी उपर कारबाही</u> : (१) दफा ७९ बमोजिम कसैको दरखास्त पर्न आएमा सम्बन्धित डिभिजनल वन अधिकृतले आवश्यक छानबिन गरी गराई दरखास्तवालाको हकदाबी भए नभएको यकिन गरी त्यसको सूचना दरखास्तवालालाई दिनु पर्नेछ र कसैको हकदाबी ठहरेमा त्यस्तो काठ घाटगद्दीमा ल्याउन र जम्मा गर्न लागेको खर्च असूल उपर गरी काठ सम्बन्धितलाई नै दिनु पर्नेछ ।

(२) कसैको हकदाबी नपुगेका दरिया बुर्दी काठ तोकिए बमोजिम बिक्री वितरण गरिनेछ ।

८१. <u>काठ दाउराको पुनःमूल्याङ्कन सम्बन्धी व्यवस्था</u> : लिलाम बढावढको सूचना जारी गरी बिक्री वितरण हुन नसकी घाटगद्दी स्थलमा रहेका काठ दाउराको बिक्री वितरण वा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-१८

<u>कसूरको जाँचबुझ सम्बन्धी कार्यविधि</u>

८२. <u>कसूरको जाँचबुझ र कार्यविधि</u> : यस ऐन र प्रचलित संघीय वन ऐन बमोजिमको कसूरको जाँचबुझ र अनुसन्धान कार्यविधि संघीय वन ऐन सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

परिच्छेद-१९

<u>कसूर र सजाय सम्बन्धी व्यवस्था</u>

८३. <u>कसूर र सजाय</u> : (१) यस ऐन र प्रचलित संघीय वन ऐन बमोजिमको कसूर र सजाय सम्बन्धी व्यवस्था संघीय वन ऐनमा भए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६७ को उपदफा (४) को कसूरमा भू तथा जलाधार व्यवस्थापन कार्यालयको प्रमुखले दुई लाखसम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम भएको जरिवाना उपर चित्त नबुझेमा चित्त नबुझने पक्षले पैंतीस दिनभित्र प्रदेश वन निर्देशक समक्ष उजुर गर्न सक्नेछ ।

परिच्छेद-२०

<u>विविध</u>

८४. <u>वृक्षारोपण र कृषि वन प्रणालीको प्रोत्साहन गर्ने</u> : (१) वन संरक्षण र संवर्द्धनका लागि वृक्षारोपण कार्यलाई प्रवर्द्धन गर्न प्रदेश सरकारले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(२) प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रको जग्गामा भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिमको कृषि वन प्रणाली अवलम्बन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको कृषि वनमा जडीबुटी, फलफूल लगायत बहुवर्षे कृषिवाली मात्र लगाउनु पर्नेछ ।

(४) प्रदेश सरकारले निजी जग्गामा किसानको चाहना अनुसारका कृषि वन प्रणाली प्रर्वद्धन गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

८५. <u>चिडियाखाना, प्राणी उद्यान र वनस्पति उद्यान स्थापना गर्न सकिने</u> : (१) कुनै संस्था, निकाय वा स्थानीय तह वा समुदायले संरक्षण शिक्षा, मनोरञ्जन, प्रजनन, वंशाणु स्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान तथा

उद्धार गरिएका वन्यजन्तुहरुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि चिडियाखाना, प्राणी उद्यान र वनस्पति उद्यान स्थापना र सञ्चालन गर्न चाहेमा प्रचलित कानून बमोजिम गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको विपरीत कार्य गरेको पाइएमा प्रचलित कानून बमोजिम दण्ड सजाय हुनेछ ।

८६. प्रदेश वन विकास कोष स्थापना : (१) प्रदेश सरकारले यो ऐनको उद्देश्य कार्यान्वयन गर्न, वनको संरक्षण र सम्वर्द्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यको लागि प्रदेश वन विकास कोषको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्थापना तथा सञ्चालन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८७. बासस्थान संरक्षण क्षेत्र घोषणा : प्रदेशभित्रका वन क्षेत्रहरुमा रहेका लोपोन्मूखक वन्यजन्तु तथा वनस्पतिहरुको लागि बासस्थान संरक्षण गर्न आवश्यकता भएमा मन्त्रालयले अध्ययन गरी राष्ट्रिय वनको कुनै भागलाई बासस्थान संरक्षण क्षेत्र घोषणा गर्न सक्नेछ । सो क्षेत्रको व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ ।

८८. वन बीउ उद्यान घोषणा गर्न सक्ने : गुणस्तरीय वन बीउ आपूर्तिको लागि मन्त्रालयले राष्ट्रिय वनको कुनै भागलाई वन बीउ उद्यान घोषणा गर्न सक्नेछ । सो क्षेत्रको व्यवस्थापन डिभिजन वन कार्यालयले गर्नेछ ।

८९. वन क्षेत्रको जग्गा अन्य प्रयोजन : प्रदेशस्तरीय आयोजनाहरुका लागि प्रचलित कानूनको अधीनमा रही वन क्षेत्रको जग्गा प्रयोग गर्न सकिनेछ। वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

९०. खनिज पदार्थ अन्वेषणका लागि वन क्षेत्र दिन सकिने : राष्ट्रिय वन क्षेत्रभित्र रहेका खनिज पदार्थ तथा खानीहरुको अन्वेषण गर्नुपर्ने भएमा मन्त्रालयको सहमति लिनु पर्नेछ ।

९१. राहत सम्बन्धी व्यवस्था : वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाइते भएमा तोकिए बमोजिम राहत उपलब्ध गराइनेछ ।

९२. अधिकार प्रत्यायोजन : मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

९३. अनुगमन तथा मूल्याङ्कन : (१) यस ऐन बमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा मन्त्रालय तथा निर्देशनालयले समय समयमा मातहतका निकायहरुलाई आवश्यक निर्देशन जारी गर्नुका साथै अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

(२) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९४. प्रतिबन्ध लगाउन सक्ने : प्रदेश सरकारले प्रचलित कानूनको अधीनमा रही प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी जैविक विविधता, कुनै प्रजातिको संरक्षण र वातावरण संरक्षणका लागि प्रदेशभित्र रहेको वा पाइने कुनै

वन पैदावारको सङ्कलन, कटान, उपभोग, बिक्री वितरण, ओसारपसार वा विदेश निकासीमा प्रतिबन्ध लगाउन सक्नेछ ।

९५. जिल्ला वन क्षेत्र समन्वय समिति गठन गर्न सकिने : (१) वन क्षेत्रको संरक्षण तथा व्यवस्थापनमा सहजीकरण गर्न तथा समन्वय कायम गर्नको लागि तोकिए बमोजिम जिल्लामा रहेका वहुसरोकारवालाहरु सम्मिलित एक जिल्ला वन क्षेत्र समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन तोकिए बमोजिम हुनेछ ।

९६. सुराकी खर्च र पुरस्कार सम्बन्धी व्यवस्था : (१) वन तथा वन्यजन्तुहरुको संरक्षणको कार्यमा सहयोग पुऱ्याउन तोकिए बमोजिम डिभिजनल वन अधिकृतले सुराकी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचालित हुने सुराकीको लागि प्रदेश सरकारले आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको सुराकी र पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९७. प्रचलित कानून बमोजिम हुने : यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९८. नियम बनाउने अधिकार : यो ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

९९. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

♣♣♣